# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु बुद्धिराज सुवेदी, तिलकराज शर्मा पौडेल, विजया सुवेदी, लेखनाथ आचार्य, मेनुका लम्साल र दिपक चन्द्र शर्मा मु.नं (०८१-CR-०११३)<br>फैसला मिति २०८२/०७/२० | नपाएको ओहदा पाएँ भनी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• श्री नेपाल नमूना माध्यमिक विद्यालय, चितवनको विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष प्रतिवादी तिलकराज शर्मा पौडेल, सदस्यहरू प्रतिवादी लेखनाथ आचार्य, मेनुका लम्साल, शिक्षक प्रतिनिधि दिपक चन्द्र शर्मा, र सदस्य सचिव प्रधानाध्यापक बुद्धिराज सुवेदीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूरमा सोही ऐनको दफा १५ बमोजिम सजाय हुन तथा सोही विद्यालयका शिक्षक प्रतिवादी विजया सुवेदीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरु बुद्धिराज सुवेदी समेतलाई हुने सोही ऐनको दफा १५ बमोजिमको सजायलाई आधारमानी प्रतिवादी विजया सुवेदीलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी विजया सुवेदीको नियुक्ति विद्यालयको आन्तरीक श्रोतबाट दायित्व व्यहोर्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम भएको र उक्त नियुक्तिबाट नेपाल सरकारलाई व्ययभार परेको भनी देखिने कुनै बिगोको दावी हुन सकेको नदेखिएबाट प्रतिवादीहरुका विरुद्धको आरोप वस्तुनिष्ठ तवरबाट पुष्टि हुन सकेको देखिएन।<br>• मिति २०८१/१०/२५ को विद्यालय व्यवस्थापन समितिको निर्णयले प्रतिवादी विजया सुवेदी समेतका विद्यालयको आन्तरिक श्रोतबाट तलव सुविधा पाउने गरी स्थायी नियुक्त पाएका शिक्षक कर्मचारीहरुलाई पुनः करार सेवामा यथावत कायम गरिएको देखिएको। | • श्री नेपाल नमूना माध्यमिक विद्यालय, चितवनको विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेल, सदस्यहरू लेखनाथ आचार्य, मेनुका लम्साल, शिक्षक प्रतिनिधि दिपक चन्द्र शर्मा, सदस्य सचिव प्रधानाध्यापक बुद्धिराज सुवेदीका हकमाः जिल्ला चितवन, रत्ननगर नगरपालिका वडा ०२ स्थित श्री नेपाल नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक बुद्धिराज सुवेदी समेतले विद्यालयको शिक्षक विजया सुवेदीलाई स्थायी नियुक्ति गरेको भन्ने समेत उजुरी/निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु बुद्धिराज सुवेदीसमेतले आफूमा नभएको अधिकार प्रयोग गरी शिक्षक तथा कर्मचारी समायोजन एवं व्यवस्थापन विनियम बनाई विद्यालय व्यवस्थापन समितिको तत्कालिन अध्यक्ष तिलकराज शर्मा पौडेलको छोरी तथा तत्कालिन प्रधानाध्यापक बुद्धिराज सुवेदीको श्रीमती समेत पर्ने शिक्षक विजया सुवेदीलाई स्थायी नियुक्ति दिए लिएको देखिंदा निज प्रतिवादी बुद्धिराज सुवेदी समेत उपर विशेष अदालत, काठमाडौं समक्ष मुद्दा दायर भएको प्रस्तुत मुद्दामा श्री नेपाल नमूना माध्यमिक विद्यालय, चितवनको विद्यालय व्यवस्थापन समितिले मिति२०७८/०५/०७ गते समितिका तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेलको अध्यक्षतामा बैठक बसी आफूमा नभएको अधिकार प्रयोग गरी शिक्षक तथा कर्मचारी समायोजन एवं व्यवस्थापन विनियम बनाई तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेलको छोरी तथा तत्कालीन प्रधानाध्यापक बुद्धिराज सुवेदीको श्रीमती समेत पर्ने शिक्षक विजया सुवेदीलाई मिति २०७८/०४/०१ बाट लागु हुने गरी निम्न माध्यमिक विद्यालय (नि.मा.वि.) तृतिय श्रेणी सरहको सेवा सुविधा उपलब्ध गराउने, साथै सोही मितिबाट स्थायी गरी कर्मचारी सञ्चय कोष कट्टा गर्ने व्यवस्था समेत मिलाउने निर्णय गरी मिति २०७८/०५/१३ गतेको दिन विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७८/०५/०७ गतेको निर्णय बमोजिम शिक्षक विजया सुवेदीलाई निजको पति उक्त विद्यालयका प्रधानाध्यापक बुद्धिराज सुवेदीले नियुक्ति पत्र प्रदान गरे गराएको देखिन्छ। शिक्षा ऐन, २०२८ को दफा ११ख. को उपदफा (१) मा "सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोगको गठन हुनेछ" भन्ने समेतको व्यवस्था र सोही ऐनको दफा १२ को उपदफा (६) ले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ञ) मा आफैंले नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने प्रावधान रहेको देखिन्छ। सोही ऐनको दफा १२ को उपदफा (६) मा रहेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा शिक्षक स्थायी नियुक्ति गर्ने सम्बन्धी प्रावधान नरहेको, त्यसैगरी शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ४ मा आयोगको काम, कर्तव्य र अधिकार सोही नियम ४(क) मा शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने र सो नियमावलीको नियम १२ देखि नियम २६ सम्म शिक्षकको स्थायी नियुक्तको व्यवस्था रहेकोमा उल्लिखित शिक्षक सेवा आयोगले मात्र शिक्षकको स्थायी नियुक्तिको सिफारिस गर्ने कानूनी अधिकारको विपरित प्रतिवादीहरु बुद्धिराज सुवेदी समेतले उक्त अधिकारको अनुचित प्रयोग गरी निज शिक्षक विजया सुवेदीलाई स्थायी नियुक्ति प्रदान गरे गराएको देखिन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारबाट शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको श्रोतबाट दायित्व बेहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सक्ने देखिन्छ, यसरी नियुक्ति हुने शिक्षक/कर्मचारीलाई स्थायी गर्ने, समायोजन गर्ने कानुनी व्यवस्था रहेको नदेखिदा दीर्घकालीन आर्थिक दायित्व पर्ने गरी सामुदायिक विद्यालयमा विनियम बनाएर वा नबनाई गरिएको स्थायी नियुक्ति प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था विपरित देखिएको भन्ने समेतको राय प्राप्त भएको देखिएबाट उक्त श्री नेपाल नमूना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | माध्यामिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेल, सदस्यहरू लेखनाथ आचार्य, मेनुका लम्साल, शिक्षक प्रतिनिधि दिपक चन्द्र शर्मा र सदस्य सचिव प्रधानाध्यापक बुद्धि राज सुवेदी समेतले बदनियतपूर्वक मिलेमतो गरी उल्लिखित विद्यालयका शिक्षकलाई स्थायी नियुक्ति दिन नसक्ने स्पष्ट कानूनी व्यवस्था हुँदा हुँदै आफुले नपाएको ओहदा, अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन समितिका तत्कालीन पदाधिकारी तथा प्रधानाध्यापक लगायतका प्रतिवादीहरुले पद तथा आहोदाको दुरुपयोग गरी प्रतिवादी विजया सुवेदीलाई निम्न माध्यमिक (नि.मा.वि.) तृतिय श्रेणी सरहको सुविधा उपलब्ध गराउने गरी स्थायी नियुक्ति गरेको पुष्टि अवस्थामा उक्त विद्यालय सार्वजनिक विद्यालय रहेकोमा विवाद नरहेको र सो विद्यालयको आन्तरिक स्रोतबाट प्राप्त गरेको आर्थिक उपार्जन लगायतका आन्तरिक स्रोत समेत नेपाल सरकारको सार्वजिन सम्पत्ति हो भन्ने प्रत्यक्ष रुपमा देखिंदा देखिंदै उल्लिखित तथ्य प्रमाणहरुलाई नजर अन्दाज गरी उक्त नियुक्तिबाट नेपाल सरकारलाई व्ययभार परेको भनी देखिने कुनै बिगोको दावी हुन सकेको नदेखिएको भनी निज प्रतिवादीहरू तिलकराज शर्मा पौडेल, लेखनाथ आचार्य, मेनुका लम्साल, दिपक चन्द्र शर्मा र बुद्धि राज सुवेदीले भ्रषटाचारजन्य कसूर गरेको पुष्टि हुँदा हुँदै बिगो दावी नभएको भन्ने समेतका निर्थक तर्क गरि भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १५ को कानूनी मनसाय विपरित यि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• यि प्रतिवादी बुद्धिराज सुवेदी समेत उपर यस आयोगमा मिति २०७९/०६/११ मा उजुरी दर्ता भई अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा निजहरुले अनुसन्धानको क्रममा बयान गर्दा निज शिक्षक विजया सुवेदीलाई दिएको स्थायी नियुक्ति दिएको तथ्यलाई स्वीकार गरेको देखिन्छ भने उजुरी परि अनुसन्धान प्रारम्भ भएपछि उक्त निर्णय सच्याइएको तथ्य समेत उल्लेख गरेबाट यि प्रतिवादीहरुले आफुहरुको मिलेमतोमा बदनियत पूर्वक गरेको गैरकानूनी कार्यबाट उन्मुक्ती पाउने मनसायले प्रस्तुत कसूरबाट बच्नको लागी निर्णय सच्याउने कार्य गरेबाट निज प्रतिवादीहरुको कसूरजन्य कार्य स्थापित भई रहेको अवस्थामा निज प्रतिवादीहरुलाई उन्मुक्ति दिने उदेश्य "मिति २०८१/१०/२५ को विद्यालय व्यवस्थापन समितिको निर्णयले प्रतिवादी विजया सुवेदी समेतका विद्यालयको आन्तरिक श्रोतबाट तलव सुविधा पाउने गरी स्थायी नियुक्त पाएका शिक्षक कर्मचारीहरुलाई पुनः करार सेवामा यथावत कायम गरिएको देखिएको" भन्ने जस्ता आधार लिई कसूर स्थापित भएका प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला कानून र प्रमाण मूल्यांकनको रोहबाट त्रुटिपूर्ण रहेकोले बदर भागी छ।<br>• प्रतिवादी श्री नेपाल नमूना माध्यमिक विद्यालय, चितवनको शिक्षक विजया सुवेदीको हकमाः जिल्ला चितवन, रत्ननगर नगरपालिका वडा ०२ स्थित श्री नेपाल नमूना माध्यमिक विद्यालयका शिक्षक विजया सुवेदीले उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई आफूमा नभएको अधिकार प्रयोग गर्न लगाई आफ्नै लागि शिक्षक तथा कर्मचारी समायोजन एवं व्यवस्थापन विनियम बनाउन लगाई विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेलको छोरी तथा प्रधानाध्यापक बुद्धिराज सुवेदीको श्रीमती समेत रहेको शिक्षक विजया सुवेदी स्वयंलाई स्थायी नियुक्ति दिने निर्णय गराई आफूलाई स्थायी नियुक्ति दिन नपाउने नसक्ने र गर्न नहुने कार्य गर्न नेपाल नमूना माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष तिलकराज शर्मा पौडेल, सदस्यहरू लेखनाथ आचार्य, मेनुका लम्साल, शिक्षक प्रतिनिधि दिपक चन्द्र शर्मा र सदस्य सचिव प्रधानाध्यापक बुद्धि राज सुवेदीलाई आफ्नो ओहदा, अधिकार, हैसियत वा सुविधा प्रयोग गरी त्यसो गर्न नपाउनेमा अध्यक्षको छोरी तथा प्रधानाध्यापकको श्रीमती कै नाताका कारण अनुग्राही हुने, स्थायी नियुक्तिका लागि दुरुत्साहन, प्रोत्साहन, उत्प्रेरणा, र सहयोग पुर्‍याई विद्यालय व्यवस्थापन समितिका तत्कालीन पदाधिकारी तथा सदस्य तथा प्रधानाध्यापक समेतका राष्ट्रसेवकको ओहदा, अधिकार, हैसियत वा सुविधा दुरुपयोग गर्न लगाई बदनियतपूर्वक आफूले स्थायी नियुक्ति लिई आफूलाई लाभ र नेपाल सरकारलाई हानि हुने गरी शिक्षक विजया सुवेदीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरजन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि हुँदाहुँदै उल्लिखित तथ्य प्रमाणहरुलाई नजर अन्दाज गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट विशेष अदालत काठमाण्डौबाट प्रतिवादी बुद्धिराज सुवेदी, तिलकराज शर्मा पौडेल, विजया सुवेदी, लेखनाथ आचार्य, मेनुका लम्साल र दिपक चन्द्र शर्मालाई आरोप दावीबाट सफाई दिन ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरुलाई आरोपदावी बमोजिमको कसुर ठहर गरी सजाय गरिपाउँन सादर छ। |